सानीभेरी गाउँपालिकाको अनुदान तथा आर्थिक सहायता कार्यविधि, २०७५

प्रमाणीकरण मितिः २०७५/०८/१२

प्रस्तावना :

सानीभेरी गाउँपालिकाबाट विभिन्न व्यक्ति, सरकारी तथा गैरसरकारी सङ्घ– संस्थाहरूलाई प्रदान गरिने आर्थिक, प्राविधिक, कार्यक्रम तथा जिन्सी मालसामानलगायतका अनुदान छिटो, छरितो, मितव्ययी, पारदर्शी एवं प्रभावकारी रूपमा, प्रवाह गर्न र अनुदान प्राप्त गर्ने सङ्घ-संस्थाहरूलाई अनुशासित, जवाफदेही प्रवाह गर्न र उत्तरदायी बनाई परिणाम हासिल गर्न, सानीभेरी गाउँपालिका कोषको सही सदुपयोग गर्न र गराउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी तत्काल जारी गर्न वाञ्छनीय देखिएकाले मिति २०७५/०८/०८ गतेदेखि लागू हुने गरी यो कार्यविधि जारी गरिएको छ।

परिच्छेद १
प्रारम्भीक

१. **सङ्क्षिप्त नाम र प्रारम्भः**(१) यस कार्यविधिको नाम "सानीभेरी गाउँपालिका अनुदान तथा आर्थिक सहायता कार्यविधि २०७५" रहनेछ।

(२) यो ऐन सानीभेरी गाउँपालिकाभर लागू हुनेछ।

(३) यो कार्यविधि सानीभेरी गाउँपालिकाको कार्यपालिका बैठकबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ।

२. **परिभाषा र व्याख्याः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले "स्थानीय सरकार सञ्चालन ऐन २०७४" लाई जनाउनेछ।

(ख) "सभा" भन्नाले सानीभेरी गाउँपालिकाको सभालाई जनाउनेछ।

(ग) "कार्यपालिका" भन्नाले सानीभेरी गाउँपालिकाको गाउँकार्यपालिकालाई जनाउनेछ।

(घ) "निर्देशिका" भन्नाले सानीभेरी गाउँकार्यपालिका बाट पारितभई लागूभएको निर्देशिकालाई जनाउनेछ।

(ङ) "विधान" भन्नाले नियमनकारी निकायमा दर्ता भएका संस्थाको स्वीकृत विधानलाई जनाउनेछ।

(च) "सञ्चालक समिति वा कार्यकारी समिति " भन्नाले संस्थाको विधानअनुसार कार्यकारीका रूपमा कार्य गर्ने गरी गठित अधिकारप्राप्त समितिलाई जनाउनेछ।

(छ) "संस्था" भन्नाले प्रचलित कानुनबमोजिम गठित सामाजिक, आर्थिक, साहित्यिक, शैक्षिक, बौद्धिक, धार्मिक, सांस्कृतिक, वैज्ञानिक आदि कार्य गर्न गठित सङघ्, संस्था, सङग् ठन, क्लब, अध्ययन केन्द्र, मण्डल, परिषद आदि गैरसरकारी निकायहरू र विद्यालय, स्वास्थ्य संस्थाहरू आदि सरकारी संस्थाहरूलाई जनाउनेछ।

(ज) "प्रस्ताव " भन्नाले कार्यक्रमको विस्तृत विवरणसहित अनुदान मागगरिएको अनसूची-१ वमोजिमको निवेदनसहितको परियोजनालाई जनाउनेछ।

नरबहादुर पुन
अध्यक्ष

(झ) "लागत" भन्नाले कार्यक्रमको लागि लाग्ने कुल खर्च रकमलाई जनाउनेछ।

(ञ) "लेखापरीक्षण प्रतिवेदन" भन्नाले रजिस्टर्ड लेखापरीक्षकबाट संस्थाको लेखापरीक्षण गरीदिएको प्रतिवेदनलाईजनाउनेछ।

(ट) "सार्वजनिक निजीसाझेदारी" भन्नाले सानीभेरी गाउँपालिकासँग करार गर्न योग्य कानुनी व्यक्ति वा संस्थाबीच लगानी, सेवा प्रवाह र जोखिम संयुक्त रूपमा वहन गर्न इच्छुक भई भएको करार व्यवस्थालाई जनाउनेछ।

(ठ) "लाभग्राही समूह" भन्नाले प्रत्यक्ष लाभप्राप्त गर्ने व्यक्तिहरूको समूहलाई जनाउनेछ।

(ड) "विशेषकोष" भन्नाले ऐननियम बमोजिम खर्चलेख्न स्थापना भएको कोषलाई जनाउनेछ।

(ढ) "अनुदान" भन्नाले समाजका विभिन्न क्षेत्रको विकासका लागि सानीभेरी गाउँपालिकाबाट कुनै व्यक्ति वा संस्थालाई प्रदान गरिने संस्थागत अनुदान, कार्यक्रम अनुदान र पुँजीगत अनुदान समेतलाई जनाउनेछ।

(ण) "कार्यक्रम अनुदान" भन्नाले लागत अनुमानका आधारमा सम्झौता गरी सम्झौतामा उल्लेख भए अनुसार दिइने आर्थिक, प्राविधिक तथा जिन्सी सहयोगलाई जनाउनेछ।

(त) "कडारोग भन्नाले" मुटु, क्यान्सर, मृगौला तथा स्पाइनल-इन्जुरी लागेका भएका बिमारी भन्ने जनाउनेछ।

(थ) " आर्थिकसहायता" भन्नाले विपदका समयमा, सङ्क्रमण अवस्थामा र कडा रोग लागी उपचार गर्न आर्थिक कठिनाइ परेका व्यक्तिलाई दिइने नगद, जिन्सी तथा प्राविधिक सहयोगलाई जनाउनेछ।

(द) " संस्थागत अनुदान" भन्नाले वार्षिक नीति तथा कार्यक्रम अनुसार सम्झौतामा उल्लिखित सर्तअनुसार संस्था आफैंले सञ्चालन गर्ने गरी दिइने रकमलाई जनाउनेछ।

(ध) "सानीभेरी गा.पा. " भन्नाले सानीभेरी गाउँपालिकालाई जनाउनेछ।

परिच्छेद-२

प्राथमिकता क्षेत्र र संस्थाको सूची दर्ता

३. **प्राथमिकता क्षेत्रहरू:** (१) अनुदान-कार्यक्रम अनुदान तथा आर्थिक सहायता उपलब्ध गराउनुअधि देहायका क्षेत्र हुन् वा होइनन् यकिन भई कार्यक्रमको स्वीकृति हुनुपर्नेछ।

(२) उपदफा १ को प्रयोजनका लागि अनुदानरकार्यक्रम अनुदानहरू देहायका प्राथमिकता क्षेत्रको अधीनमा रही गर्नुपर्नेछः

(क) महिला, दलित, आदिवासी जनजाति र पिछडिएका समुदायहरूसँग सम्बन्धित आयमूलक, सीपमूलक, रोजगारी सिर्जना एवं क्षमता विकास गर्ने कार्यक्रमहरू,

(ख) जनचेतनामूलक तथा साक्षरतामूलक कार्यक्रमहरू,

(ग) सम्पदा संरक्षण र पर्यटन विकाससम्बन्धी कार्यक्रमहरू,

(घ) वातावरण संरक्षण, पर्वद्धन र विकाससम्बन्धी कार्यक्रमहरू,

(ङ) विपद् जोखिम न्यूनीकरणसम्बन्धी कार्यक्रमहरू,

नरबहादुर पुन
अध्यक्ष

(च) समुदायमा आधारित सहभागितामूलक कार्यक्रमहरू,

(छ) शहरी गरिबी न्यूनीकरणमा सहयोग पुऱ्याउने कार्यक्रमहरू,

(ज) बालविकास, बालश्रम उन्मूलन, बालस्वास्थ्य, बालशिक्षा, बालअधिकार, बालमनोविज्ञान जस्ता बालमैत्री कार्यक्रमहरू।

(झ) खेलकुद विकाससँग सम्बन्धित कार्यक्रमहरू,

(ञ) स्थानीय टोल, समुदायको क्षमता विकास, जनचेतना अभिवृद्धि, पूर्वाधार विकास, सामाजिक परिचालन एवं सहभागितामूलक कार्यक्रम,

(ट) स्थानीय स्रोत र साधन परिचालन हुने कार्यक्रमहरू,

(ठ) जनप्रतिनिधि तथा कर्मचारीहरूको स्वास्थ्यमा सुधार गर्ने कार्यक्रमहरू,

(ड) नेपाल सरकार र गाउँपालिकाको उद्देश्य हासिल गर्न सहयोग पुऱ्याउने कार्यक्रमहरू,

(ढ) दिगो विकासका लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउने कार्यक्रमहरू,

(ण) कार्यसम्पादन मूल्याङ्कनमा सहयोग पुर्‍याउने कार्यक्रमहरू,

(त) अभिमुखीकरण सम्वन्धी क्रार्यक्रमहरू,

(थ) स्वास्थ्य-शिविर, रक्तदानसम्बन्धी कार्यक्रम।

(३) उपदफा १ को प्रयोजनका लागि आर्थिक सहायता दिन यो कार्यविधि लागू भएपश्चात् बिमारी भएको पहिचान भएका व्यक्तिलाई मात्र देहायका क्षेत्रहरूमा आर्थिक सहायता उपलब्ध गर्न सकिनेछः

(क) व्यक्तिगत अशक्त बिरामी,

(ख) अपाङ्गता भएको व्यक्ति,

(ग) वृद्ध, वृद्धा,

(घ) बेखर्ची व्यक्तिहरू

(ङ) प्राकृतिक विपत्ति तथा विपद्मा परेका व्यक्तिहरू

(च) बेसाहाराहरु

(छ) जटिल रोग लागी स्वास्थ्य उपचार गर्नुपर्ने सानीभेरी गा।पा।का कर्मचारी तथा जनप्रतिनिधिहरू

४. **सूची दर्ताः** सानीभेरी गाउँपालिकाबाट प्रदान गरिने संस्थागत तथा कार्यक्रम अनुदानका लागि सर्वप्रथम सानीभेरी गाउँपालिकाको सूचना अनुसार सूची दर्ता गर्नुपर्नेछ। सूची दर्ता गर्दा देहाय बमोजिम कागजातहरू संस्थाको अध्यक्षबाट प्रमाणित गरी छाप लगाई पेस गर्नुपर्नेछ।

तर दफा (३) को उपदफा-३ बमोजिमका बिरामीले आर्थिक सहयोगका लागि सूची दर्ता गनुपर्नेछैन।साथै स्थापना भएको १ वर्ष नाघिसकेर पनि गाउँसभामा र आफ्ना नीति तथा कार्यक्रम स्वीकृत नगराउने संस्थाको कुनै प्रकारको कायक्रम स्वीकृत हुनेछैन।

(क) निवेदनको सक्कलै प्रति।

(ख) संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि नवीकरण सहित।

नरबहादुर पुन
अध्यक्ष

(ग) आयकर दर्ता प्रमाणपत्रको प्रतिलिपि नवीकरणसहित।

(घ) संस्थाको विधानको प्रतिलिपि।

(ङ) गत आ.व.को लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि।

(च) संस्थाको सञ्चालक समितिको बैठकको निर्णय प्रतिलिपि।

(छ) वडाले कार्यक्रम उपयुक्त भनी गरेको सिफारिसको सक्कलै पत्र।

(ज) अघिल्लो वर्षमा (यदि लिएको भए) प्राप्त गरेको सहयोग रकम र सोबाट भएको उपलब्धि। खर्चको विवरण सम्बन्धित पदाधिकारीले प्रमाणित गरी पेस गर्नुपर्ने।

(झ) समाज कल्याण परिषद्मा आबद्ध भएको भए सो प्रमाण पत्रको प्रतिलिपि।

(ञ) गाउँपालिकाको गैरसरकारी संस्थाको मौजुदा सूचीमा सूचीकृत भएको प्रतिलिपि

(ट) सञ्चालन गरिने वार्षिक वा पटके कार्यक्रमको विस्तृत विवरण।

(ठ) संस्थाको गत वर्षको आयव्यय विवरण र लेखापरीक्षण प्रतिवेदन।

(ड) चालु आर्थिक वर्षमा सञ्चालन गर्ने कार्यक्रमहरूको विवरण।

(ढ) कर चुक्ता प्रमाणपत्र।

परिच्छेद-३

अनुदान तथा आर्थिक सहायताका प्रकार र प्रक्रियाहरू

५. **अनुदानको उपलब्धता:** (१) यस गाउँपालिका अनुदान तथा आर्थिक सहायता निम्नअनसारको क्षेत्रमा मात्र उपलब्ध गराउनेछ।

(क) **संस्थागत अनुदान:**कुनै पनि सरकारी संस्था, अर्धसरकारी संस्था कानुनबमोजिम स्थापित गैरनाफामूलक संस्थाहरूलाई नयाँ निर्माण, मर्मत तथा जीर्णोद्धार,गर्नका लागि आर्थिक वा प्राविधिक सहयोग आवश्यक भएको भनी लिखित माग भई कार्यालयलमा निवेदन प्राप्त हुदाँ प्राविधिकबाट समेत सो कुरा पुस्ट्याइँ भएमा लागत अनुदानका आधारमा कुल लागतको पचास प्रतिशतले हुन आउने रकमसम्म पेस गरेका प्रस्तावहरू दफा ३ मा उल्लिखित प्राथमिकताका आधारसँग मेल खाने भएमा कार्यक्रम स्वीकृत गर्न सकिनेछ तर त्यस्तो संस्था नियमनकारी निकायमा दर्ता भएका हुनुपर्नेछ। साथै रकम उपलब्ध गराउँदा संध-संस्थालाई सम्पूर्ण कार्य गरेपश्चात् प्रगति विवरणका आधारमा रकम उपलब्ध गराइनेछ।

तर विशेष परिस्थितिमा स्वीकृत कार्यक्रमको एक तिहाईसम्म पेस्कीस्वरूप उपलब्ध गराउन सकिनेछ। अन्तिम किस्ता रकम भने कार्य सम्पन्न भएपश्चात् गाउँपालिकाबाट अनुगमन भएपछि मात्र उपलब्ध गराइनेछ। यसरी सम्बन्धित संस्थालाई कार्यक्रम बनाई खर्च गर्ने गरी निकासा पठाउँदा यसै वर्ष र गत वर्षको लेखापरीक्षण प्रतिवेदनसमेत संस्थाले उपलब्ध गराउनुपर्नेछ।

(ख) कार्यक्रम अनुदान: कुनै पनि सरकारी संस्था, अर्धसरकारी संस्था कानुनबमोजिम स्थापित गैरनाफामूलक संस्थाहरूलाई दफा-३ मा उल्लिखित प्राथमिकताको आधारमा दफा-६मा

नरबहादुर पुन
अध्यक्ष

उल्लिखित क्षेत्रमा काम गर्ने गरी कार्यक्रम स्वीकृत गरिनेछ तर त्यस्ता संस्था अनिवार्य रूपमा नियमनकारी निकायमा दर्ता भएका हुनुपर्नेछ। साथै रकम उपलब्ध गराउँदा संघ-संस्था आफैंले सम्पूर्ण कार्य गरेपश्चात् प्रगति विवरणका आधारमा उपलब्ध गराउन सकिनेछ।

(ग) आर्थिक सहायताः आर्थिक सहायताका लागि व्यक्ति वा संस्थाको निवेदन प्राप्त भएपछि स्वीकृत बजेटको परिधिभित्र रही उपदफा-१(घ) बमोजिम गठित समितिले अनुसूची-२ र ३ का आधारमा सिफारिस गरपछि गाउँकार्यपालिकाले विशेष परस्थितिमा कडा रोग लागेका र आर्थिक रूपले विपन्न देखिएका यस गाउँपालिकाका वासीन्दाहरुलाई कार्यपालिकाले निर्णय गरी उपलब्ध गराउन सक्नेछ।

(घ) उपदफा-१ (ग) को प्रयोजनका लागि देहाय बमोजिमको समिति रहनेछ सो समितिले अनुसूची-२ र ३ बमोजिमाका कागजात र अवस्था हेरी आर्थिक सहायता दिनुपर्ने वा नपर्ने भन्ने कुरा यकिन गरी गाउँपालिकामा सिफारिस गर्नेछः

→ सयोजकअध्यक्षले तोकेको अधिकृत स्तरको कर्मचारी

→ सदस्यसम्वन्धित वडाको वडा अध्यक्ष

→ सदस्य– सचिवस्वास्थ्य शाखा प्रमुख

(ङ) उपचार सहयोगः यस गाउँपालिकाका वासीन्दाहरुलाई अनुसूची-३ मा उल्लेख भएको अवस्थाका कडा रोग लागी औषधिउपचार गर्न जाने प्रयोजनार्थ यातायात खर्चस्वरूप औषधिउपचार सहयोगका रूपमा विरामीको अवस्था र उपचार गर्न जाने ठाउँ अनुसारगाउँपालिकाले एकपटकका लागि मात्र रु. ५,०००/- देखि रु. ५०,०००/- सम्मसहयोगउपलब्ध गराउनेछ।

(च) उपदफा ङ मा जेसुकै लेखिएको भए पनि उपदफा (ग) बमोजिम आर्थिक सहायता उपलब्ध गराइएको ब्यक्तिलाई पुनः औषधिउपचार सहयोग उपलब्ध गराइनेछैन । साथै आर्थिक सहायताको रकम गाउँसभाले विनियोजन गरेबमोजिम हुनेछ।

(छ) छात्रवृत्तिः सानीभेरी गाउँपालिका क्षेत्रभित्र स्थायी बसोबास भई सरकारी तथा निजी विद्यालयमा अध्ययनरत गरिब तथा जेहेनदार विद्यार्थीहरूलाई तल गठित समितिले सिफारिस गरेका आधारमा छात्रवृत्ति उपलब्ध गराइनेछ। छात्रवृत्ति उपलब्ध गराउँदा सामुदायिक विद्यालय-क्याम्पसलाई प्राथमिकता दिइनेछ।

→ सयोजक -प्रमुखले तोकेको अधिकृत

→ सदस्य -सामाजिक विकास संयोजक

→ सदस्य-सचिव -शिक्षा शाखा प्रमुख

(ज) उपदफा (छ) बमोजिम गठित समितिले देहायका कुरालाई आधार मानी छात्रवृत्तिका लागि गाउँपालिका समक्ष सिफारिस गर्नुपर्नेछ।

नरबहादुर पुन
अध्यक्ष

क)	निश्चित आय नभएका गरिब वर्गका बालबालिका, दुर्घटनामा परी अभिभावक गुमाएका द्वन्द्वपीडित, शहीद परिवार, यौनजन्य हिंसामा परेका बालबालिका, शारीरिक अपाङ्ग, अभिभावकविहीन बालबालिका, सीमान्तीकृत,दलित, जनजाति तथा भूमिहीन परिवारको बालबालिकाहरूलाई यो छात्रवृत्तिका लागि पहिलो प्राथमिकता दिइनेछ।

ख)	छात्रवृत्तिका लागि विद्यार्थी वा अभिभावकले सम्बन्धित वडा कार्यालयको छात्रवृत्ति आवश्यक भएको भनी किटानीसाथ गरेको सिफारिस पत्र र सम्बन्धित विद्यालयको एक वर्षको लाग्ने कुल शैक्षिक खर्च खुलाई गरेको सिफारिस पत्रसाथ निवेदन पत्र पेस गर्नु पर्नेछ।

ग)	यसरी पेस भएपछि समाजिक विकास शाखाले आवश्यक जानकारी लिई प्रमुख प्रशासकीय अधिकृत समक्ष पसे गर्नुपर्नेछ।

घ)	स्वीकृतिका लागि पेस हुन आएको छात्रवृत्ति गाउँ कार्यापालिका बैठकमा पेस भई बैठकबाट स्वीकृत भएमा सोको विस्तृत विवरणसहित शिक्षा शाखाले रकम निकासाका लागि लेखा शाखामा पठाउनेछ।

ङ)	छात्रवृत्ति पाउने विद्यार्थीले सानीभेरी गाउँपालिकाबाट रकम लगेको मितिले १५ दिनभित्र शैक्षिक सामग्री तथा पोसाक खरिद गरेको बिल भरपाई शिक्षा शाखामा पेस गर्नुपनेर्छ। विद्यालयको मासिक शुल्क वा अन्य शुल्क दस्तुर विद्यालयमा सिधा A/C Payee चेकमार्फत पठाइनेछ।

च)	विद्यार्थीले विद्यालयको हरेक परीक्षाको नतिजाको प्रमाणित प्रतिलिपि नतिजा प्राप्त गरेको मितिले ७ दिनभित्र सामाजिक विकास शाखाले पसे गर्नुपर्नेछ। सोही नतिजाका आधारमा छात्रवृत्ति निरन्तर दिने वा नदिने निर्णय गाउँपालिकाले गर्न सक्नेछ।

छ)	एकपटक छात्रवृत्ति पाइसकेका विद्यार्थीले विद्यालयको वार्षिक परीक्षामा उत्कृष्ट नतिजा प्राप्त गरेमा मात्र सानीभेरी गाउँपालिकाले छात्रवृत्तिलाई निरन्तरता दिनेछ।

परिच्छेद-४
अनुदानका विषयगत क्षेत्रहरू

६.	**अनुदानका क्षेत्रहरूः**अनुदानका विषयगत क्षेत्रहरु निम्नाअनुसार तय गरिएको छ।

१)	शैक्षिक तथा जनचेतनामूलक कार्यक्रमहरू,

२)	वृद्धवृद्धा आश्रमहरू सञ्चालनसम्बन्धी कार्यक्रमहरू,

३)	राहत तथा पुर्नस्थापनासम्बन्धी कार्यक्रमहरू,

४)	वातावरण, जलवायु परिवर्तनसम्बन्धी संरक्षण, विकास र सवद्र्धनसम्बन्धी कार्यक्रमहरू,

५)	प्रकोप तथा विपद् व्यवस्थापन र पूर्वतयारीसम्बन्धी कार्यक्रमहरू,

नरबहादुर पुन
अध्यक्ष

६)	स्वास्थ्य शिविरहरू, रक्तदान कार्यक्रमहरू, विशेष खोप कार्यक्रमहरू,

७)	अपाङ्गता भएका बालबालिकाहरूको हेरचाह, उद्धार, शिक्षा र पुनस्थापनर्ा सम्बन्धी कार्यक्रमहरू,

८)	वातावरणमैत्री मसानघाट, चिहान जस्ता दाहसंस्कार र वेवारिसे सब व्यवस्थापन सम्बन्धी कार्यक्रमहरू ,

९)	स्वबासी (सुकुम्बासी) समस्या समाधान सम्बन्धी कार्यक्रमहरू,

१०)	घरेलु बालश्रमिक सम्बन्धी कार्यक्रमहरू,

११)	सडक बालबालिकाको पुनस्र्थापना, शिक्षा, उद्धारसम्बन्धी कार्यक्रमहरू ,

१२)	वेवारिसे सडक मानव (मानसिक रोगी, वृद्ध, घरबारविहीन मानिसहरू) सम्बन्धी कार्यक्रमहरू,

१३)	बेरोजगारका लागि सीपमूलक तालिम (गैरनाफामूलक) सञ्चालन गर्ने संस्थाहरू ,

१४)	वृक्षरोपण (नदीकिनार, सडकपेटी, सार्वजनिक स्थल आदि) सम्बन्धी कार्यगर्ने संस्थाहरू ,

१५)	स्थानीय भाषा, संस्कृति संरक्षण र विकाससम्बन्धी कार्यक्रमहरू,

१६)	राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्पदा संरक्षण, विकाससँग सम्बद्ध कार्यक्रमहरू ,

१७)	ऐतिहासिक पोखरी, उद्यान, पाटी, पौवा, सत्तल, मन्दिर, गुम्बा, देवल आदिको संरक्षण, सवं द्र्धन, विकाससम्बन्धी कार्यक्रमहरू,

१८)	स्थानीय जात्रा, पर्व, उत्सव र यस्तै प्रकारका कार्यक्रमहरू ,

१९)	खेलकुद विकाससँग सम्बन्धित स्थानीय तथा राष्ट्रिय स्तरका सम्बन्धित कार्यक्रमहरू,

२०)	स्थानीय जनचेतनामूलक सकारात्मक सोच अभिवृद्धि गराउने उद्दश्यले सञ्चालित कार्यक्रमहरू,

२१)	सुरक्षित आवासगृह,

२२)	स्वास्थ्य, शिक्षा, भाषा, संस्कृति, मेलमिलाप केन्द्र, पाटी, पौवा सत्तल आदि, खेलकुद, वृक्षरोपण, वातावरण संरक्षण, विकास तथा पर्वद्धनसम्बन्धी कार्यक्रमहरू,

२३)	खेलकुदसम्वन्धी क्रार्यक्रमहरू, तथा फरक पहिचान भएका ब्यक्ति तथा एकल महिलासँग सम्वन्धित कार्यक्रमहरू।

परिच्छेद ५

संस्थागत वा कार्यक्रम प्रस्ताव, छनोट, स्वीकृति र सम्झौता प्रक्रिया

७.	**संस्थागत-कार्यक्रम प्रस्ताव पेस गर्नेः** सानीभेरी गा।पा।.ले सूचीकृत संस्थाहरूबाट प्रस्ताव माग गर्न सक्नेछ। संस्थाहरूले अनुदान माग गर्नुपरेमा देहायबमोजिम कागजातसहित प्रस्ताव पेस गर्नुपर्नेछ। तर व्यक्तिगत आर्थिक सहायताका लागि निवेदन मात्र भए पनि पुग्नेछः

१)	निर्धारित ढाँचाको प्रस्तावसहितको निवेदन प्रति।

२)	संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि नवीकरणसहित।

३)	आयकर दर्ता प्रमाणपत्रको प्रतिलिपि नवीकरणसहित।

नरबहादुर पुन
अध्यक्ष

४) संस्थाको विधानको प्रतिलिपि।

५) लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि।

६) संस्थाको सञ्चालक समितिको बैठकको निर्णय प्रतिलिपि।

७) वडाले कार्यक्रम उपयुक्त भनी गरेको सिफारिसको सक्कलै पत्र।

८) अघिल्लो वर्षमा (यदि लिएको भए) प्राप्त गरेको सहयोग रकम र सोबाट भएको उपलब्धि, खर्चको विवरण सम्बन्धित पदाधिकारीले प्रमाणित गरी पेस गर्नुपर्ने।

९) समाज कल्याण परिषदमा आब् द्ध भएको प्रमाण पत्रको प्रतिलिपि।

१०) गाउँपालिकामा मौजुदा सूचीमा सूचीकृत भएको प्रतिलिपि।

११) सञ्चालन गरिने वार्षिक वा पटके कार्यक्रमको विस्तृत विवरण।

१२) संस्थाको गत वर्षको आयव्यय विवरण।

१३) आर्थिक वर्षमा सञ्चालन गर्ने कार्यक्रमहरूको विवरण।

१४) संस्थाको कार्य समिति सदस्यहरूको विवरण।

८. **प्रस्ताव छनोट तथा स्वीकृति छनोटः** प्रस्ताव प्राप्त भएपछि सम्बन्धित शाखाले परियोजना छनोटका लागि देहायबमोजिम कुराहरू भए-नभएको जाँच गर्नुपर्नेछ। प्रस्ताव छनोटका लागि देहायबमोजिम भएको हुनुपर्नेछः

१) प्रस्तावको साथमा दफा-७ मा तोकेबमोजिम कागजातहरू भएको।

२) प्राप्त कार्यक्रम प्रस्ताव सानीभेरी गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रमको प्राथमिकतामा परेको।

३) प्रस्तावमा सहयोग वा सहकार्य गर्न माग गरेका कार्यक्रमको हकमा निम्न कुराहरू स्पष्ट भएको हुनुपर्नेः

क) कार्यक्रममा सहकार्य गर्ने संस्था तथा निकायहरू।

ख) कार्यक्रमका सञ्चालन गर्न विभिन्न संस्था तथा निकायहरूबाट बेहोरिने रकमहरू।

ग) रकम प्राप्त गर्ने समय।

घ) रकम प्राप्त गर्ने तरिका।

४) उल्लिखित विवरणहरू पूरा भएपछि सम्बन्धित शाखाबाट संस्थाको कार्यालय तथा कार्यक्रम सञ्चालन स्थलको निरीक्षण गर्न सक्नेछ। निरीक्षणका क्रममा निरीक्षणकर्ताले संस्थाको भौतिक स्रोतसाधन, जनशक्ति तथा क्षमता सम्बन्धमा समेत अध्ययन गर्नुपर्नेछ।

५) समाज कल्याण विभागले संस्थाको निरीक्षण गरी सोको प्रतिवेदन प्रस्ताव साथ संलग्न गरी सो प्रस्ताव सिफारिस सहित अधिकार प्राप्त अधिकारी समक्ष पेस गर्नुपर्नेछ।

६) माथि जेसुकै लेखिएको भए तापनि प्रस्ताव स्वीकृत गर्ने-नगर्ने अधिकार सानीभेरी गाउँपालिकामा निहित रहने छ।

नरबहादुर पुन
अध्यक्ष

७)	सम्झौताः अनुदान प्रस्ताव छनोट भई स्वीकृति भएपश्चात् सम्बन्धित संस्था र सानीभेरी गाउँपालिकाका बीच अनुसूची-४ को ढाँचामा सम्झौता गर्नुपर्नेछ। सम्झौता भएपश्चात् संस्थाले सम्झौतामा उल्लिखित बुँदाबमोजिम कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।
तर २५ (२५) हजार रुपैयाँभन्दा कम अनुदान रकम र आर्थिक सहायता रकमका लागि सम्झौता गर्नुपर्नेछैन।

परिच्छेद ६
अनुदान रकमको भुक्तानी प्रक्रिया

९. **भुक्तानी प्रक्रियाः**(१) सम्झौता प्राप्त भएपछि सम्झौतामा उल्लेख भएअनुसार कागजातसहित सम्बन्धित संस्थाले रकम माग गर्नुपर्नेछ। रकम माग भई आएपछि सानीभेरी गाउँपालिकाले सम्झौता अनुसार कार्य सम्पन्न प्रतिवेदनको आधारमा मात्र भुक्तानी गर्नेछ।

१)	संस्थालाई उपलब्ध गराउने रकम सनराईजको बैंकचेकमार्फत हुनेछ।

२)	२५ हजार रुपैयाँसम्मको सहयोग संस्थालाई पूरै उपलब्ध गराइनेछ र सोभन्दा बढीको सहयोग सम्झौतामा उल्लेख गरिएअनुसार किस्ताबन्दीमा उपलब्ध गराइनेछ।

३)	पाँच हजारसम्मको संस्थागत वा कार्यक्रम अनुदान संस्थालाई उपलब्ध गराउँदा सम्झौता नगरी एकमुस्ट उपलब्ध गराउन सकिनेछ।

४)	सम्झौता अनुसारको कार्य नभएमा बाँकी रकम उपलब्ध गराइनेछैन र सो सम्झौता गर्ने संस्थाहरूबाट अनुदान वापत उपलब्ध गराइएको रकम सरकारी बाँकी सरह असुलउपर गरिनेछ।

५)	प्रगति विवरण पेस नगर्ने संस्थाहरूलाई पुनः संस्थागत तथा कार्यक्रम सहयोग उपलब्ध गराइनेछैन।

६)	माथि जेसुकै लेखिएको भए तापनि व्यक्तिगत आर्थिक सहायता उपलब्ध गराउने वा नगराउने अधिकार सानीभेरी गाउँपालिकामा निहित रहनेछ।

७)	यस कार्यविधिमा तोकिए विपरीत अनुदान वितरण गरिएमा, त्यस्तो आदेश दिने, आदेश दिन सिफारिस र सहयोग गर्ने एवं भुक्तानी दिने कर्मचारी तथा पदाधिकारीबाट असुल उपर गरिनछ।

परिच्छेद ७
निरीक्षण, अनुगमन तथा मल्याङ्कन प्रतिवेदन

१०. निरीक्षण तथा अनुगमन सम्झौता अनुसारको कार्य भए-नभएको सम्बन्धमा जानकारी लिन गाउँपालिकाले निरीक्षण वा अनुगमन गर्नेछ। यसरी निरीक्षण, अनुगमन तथा मूल्याङ्कन कार्यमा सहयोग पुर्‍याउनु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ।

११. किस्ताको सिफारिस अनुगमन र मूल्याङकनबाट प्राप्त प्रगति विवरणका आधारमा मात्र बाँकी अनुदानको किस्ता रकम भुक्तानीका लागि सिफारिस गर्नुपर्नेछ।

परिच्छेद ८

नरबहादुर पुन
अध्यक्ष

विविध

१२. **बाझिएमाः** यो कार्यविधिमा उल्लेख भएका प्रावधान र प्रक्रियाहरू स्थानीय सरकार सञ्चालन ऐन २०७४, सँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

१३. **कारबाहीः** यस कार्यविधि विपरीत आर्थिक अनुदान तथा सहयोग वितरण गरिएमा, त्यस्तो आदेश दिने, आदेश दिन सिफारिस तथा सहयोग गर्ने र भुक्तानी गर्ने कर्मचारी तथा पदाधिकारीबाट असुल उपर गरिनछ। साथै कर्मचारीका हकमा सेवा सम्बन्धी ऐन नियम बमोजिम विभागीय कारबाही समेत गरिनेछ।

१४. **बचाउः** यो कार्यविधि जारी हुनुभन्दा पहिले भए-गरेका आर्थिक सहायता, अनुदान तथा सहयोगहरू यसै कार्यविधि बमोजिम भए-गरेका मानिनेछन्।

नरबहादुर पुन
अध्यक्ष

अनुसूची-१

कार्यक्रमको प्रस्ताव र निवेदनको ढाँचा/परियोजना प्रस्ताव

१) संस्थाको नामः

२) संस्था दर्ता मितिः

३) नवीकरण मितिः

४) संस्था दर्ता भएको कार्यालयः

५) संस्थाको कार्यक्षेत्रः

६) संस्थाको कार्यालय रहेको स्थानः

७) संस्थाको सदस्य सङ्ख्याः

८) कार्यक्रमको शीर्षक ....

९) कार्यक्रम स्थल ....

१०) लक्षित वर्ग.......................................

११) लक्षित सङ्ख्या.......................................

१२) कार्यक्रमको लागत

(क) लागत अनुमान

(ख) संस्था आफैले बेहोर्ने रकम र प्रतिशतः

(ग) सानीभेरी गाउँपालिकाबाट अपेक्षा गरिएको रकम र प्रतिशतः

(घ) अन्य निकायबाट पाउने सहयोग रकम र प्रतिशतः

१३) प्राविधिक सहयोग आवश्यक पर्ने- नपर्नेः

१४) संयुक्त लगानीमा सञ्चालन हुने भए सो सम्बन्धी विवरण...............................

१५) लगानी बेहोर्ने स्रोत...................................

१६)

(क) यसअघि यस्तै खालका कार्यक्रम सञ्चालन भए-नभएकोः

(ख) सञ्चालन गरेको भएमा अन्य संस्थासँग सहयोग लिए-नलिएको

(ग) सहयोग लिएको भएमा लिएका संस्थाहरूः

(घ) हाल उक्त कार्यको अवस्थाः

१७) अन्य विवरणहरूः

संस्थाका पदाधिकारीहरूको नामावलीः

अध्यक्षः उपाध्यक्षः सचिवः सहसचिवः कोषाध्यक्षः

सदस्यहरूः

नरबहादुर पुन
अध्यक्ष

अनुसूची-२

परिच्छेद ३ दफा ५ ग सँग सम्बन्धित

(क) सम्बन्धित व्यक्ति वा निजको अभिभावक वा निजको संरक्षकको निवेदन।

(ख) निवेदन साथ यो कार्यविधि लागू भएपश्चात् सम्बन्धित अस्पताल, नर्सिङ होम वा स्वास्थ्य क्लिनिक वा जाँच गर्ने डाक्टरले रोग पहिचान भएको प्रमाणको प्रतिलिपि। साथै कार्यविधि लागू हुनुअधि पहिचान भएको-भएका रोगका लागि आर्थिक सहायता उपलब्ध हुने छैन।

(ग) सरकारी स्वास्थ्य संस्थाको डाक्टरले उपचारका लागि लेखि दिएका औषधिहरूको विवरण र सो खरिदका लागि अनुमानित लाग्ने खर्चको विवरण।

(घ) कडा रोग लागी अपे्रसन गर्नुपर्ने, कुनै अङग् फेर्नुपर्ने वा उपचारका लागि धेरै खर्च लाग्ने भएमा सोको मेडिकल बोर्डको सिफारिस पेस गर्नुपर्नेछ।

(ङ) व्यक्ति विपन्न नेपाली नागरिक भएको वडाको सिफारिस।

अनुसूची-३

परिच्छेद ३ दफा ५ ङ।को प्रयोजनसँग सम्ब्न्धित

क्र.सं.	रोग	विवरण	कैफियत
१	मुटु रोग	पेसमेकर राख्नुपर्ने , स्टेन्ट राख्नुपर्ने, एब्लेसय गर्नुपर्ने ,मुटुको भल्व पूर्ण क्षति भएको या फेल भएको ,मुटुको शल्यक्रिया गर्नुपर्ने	
२	मृगौला रोग	मृगौला फेल ,प्रत्यारोपण,Dialysis	
३	क्यान्सर	सबै प्रकारका	
४	स्पाइनल इन्जुरी	Spinal injury भई Paralysis भएका रोगीहरूलाई अप्रेसन गर्नुपर्ने बिमारी	

नरबहादुर पुन
अध्यक्ष

अनुसूची ४

सम्झौताको ढाँचा

सानीभेरी गाउँपालिका र .... संस्थाबीच .... बारेको सम्झौता पत्र सानीभेरी गाउँपालिकाको कार्यालय(जसलाई यसपछि प्रथम पक्ष भनी सम्बोधन गरिनेछ) र श्री .... संस्था (जसलाई यसपछि द्वितीय पक्ष भनी सम्बोधन गरिनेछ) का बीच सानीभेरी गा.पा.को मिति........................निर्णयअनुसार.......................स्थानमा .... कार्य गर्नका लागि प्रथम पक्षले रु. .... रकम उपलब्ध गराउने र दोस्रो पक्षले...............कार्य गर्ने गरी तपसिल बमोजिमका सर्त, बन्देज तथा दायित्वको अधीनमा रही गर्न सम्झौता पत्रमा स्वतन्त्र मन्जुरीका साथ सहीछाप गरी १-१ प्रति बुझिलियौं-दियौं।

सर्तबन्देज तथा दायित्वहरू

१. प्रथम पक्षले कार्यक्रमको सम्झौता रकम..............हुनेछ र कार्यक्रम सुरु गर्न ३३ प्रतिशत पेस्की उपलब्ध गराउनेछ।

२. दोस्रो पक्षले कार्यक्रम .... मिति र समयभित्र सम्पन्न गरी सक्नुपर्नेछ। सम्पादन गरिने कार्य गुणस्तरीय हुनुपर्नेछ।

३. प्रथम पक्षले कार्य सम्पादनको प्रगतिका आधारमा दोस्रो किस्ता रकम द्वितीय पक्षलाई सोधभर्ना-पेस्कीस्वरूप उपलब्ध गराउनुपर्नेछ।

४. प्रथम पक्षका तर्फबाट खटाइएका कर्मचारीले सम्पादित कार्यको समय– समयमा अनुगमन तथा मुल्याङ्कन गर्नुपर्नेछ। सोको प्रतिवेदन प्राप्त भएपछि दोस्रो किस्ता भुक्तानीका लागि प्रक्रिया अगाडि बढाइनेछ। अन्तिम किस्ता रकम कार्य सम्पन्न नगरी भुक्तानी गरिनेछैन। कार्य सम्पन्न भएको सात दिनभित्र कार्य सम्पन्न प्रतिवदेन पसे भए पश्चात ् मात्र अन्तिम किस्ता रकम भुक्तानी दिइनेछ।

५. यस सम्झौता बमोजिम द्वितीय पक्षले काम सुरु नगरेमा वा काम सुरु गरी बीचमा छोडेमा वा कबुलियत बमोजिम काम नगरेमा प्रथम पक्षले................ कार्यको सम्झौता भङ्ग गर्न सक्नेछ। यसरी सम्झौता भङग गरिएमा द्वितीय पक्षले प्रथम किस्ता वा पेस्की बापत कुनै रकम लिई सकेको भएमा सरकारी बाँकी सरह जुनसुकै तवरबाट असुलउपर गरी नियमानुसार आवश्यक कारबाही गरिनेछ।

६. यो सम्झौता कार्यान्वयन गर्दा कुनै विवाद उत्पन्न भएमा आपसी सहमतिबाट विवाद टुङ्गो लगाइनेछ। सहमतिबाट विवाद टुङ्ग्याउन नसकेमा प्रचलित नेपाल कानुनअनुसार हुनेछ।

७. यस सम्झौतामा उल्लेख नभएका कुराहरूको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा प्रचलित नेपाल कानुनबमोजिम हनेछ।

८. प्रथम पक्षबाट प्राप्त सम्झौता रकमको लेखापरीक्षण गर्ने-गराउने दायित्व द्वितीय पक्षको हुनेछ।

९. कार्यक्रम कार्यान्वयनको कार्यतालिका प्रथम पक्षलाई दोस्रो पक्षले उपलब्ध गराउनुपर्नेछ। यस कार्यविधिअनुसार गरिने कार्यक्रमहरूमा उपर्युक्त बमोजिमको सम्झौता अनिवार्य लागू हुनेछ। यस सम्झौतामा भएका विषयबाहेकका विषयमा दुव ै पक्षको मन्जुरीमा थप गर्न सकिनेछ।

<u>प्रथम पक्ष</u>	<u>द्वितीय पक्ष</u>
....	....
(......................)	(श्री..........................)
सानीभेरी गाउँपालिकाको कार्यालय	संस्था

नरबहादुर पुन
अध्यक्ष

साक्षी

(श्री ....)

साक्षी.

(श्री.......................)

इति संवत् २०७....... साल .... महिना .... गते रोज .... शुभम्।

नरबहादुर पुन
अध्यक्ष

अनुसूची ५

अनगमन प्रतिवेदन फाराम

१) संस्थाकोनामः– ....

२) संस्थाको ठेगानाः– ....

३) संस्थाको अध्यक्ष (विवरण उपलब्ध गराउने पदाधिकारी)ः– ....

४) कार्यक्रम सुरु मितिः– ....कार्य सम्पन्न हुने मिति............

क.सं.	कार्यक्रमको विस्तृत विवरण	लक्ष्य	प्रगति	कैफियत
१	सम्झौतामा तोकिएकका कार्यहरु मितिमा सम्पन्न भए/नभएको			
२	कार्यक्रम प्रगति (प्रतिशतमा)			
३	लाभान्वित क्षेत्र			
४	लाभान्वित वर्ग, व्यक्ति			
५				
६				
७				
८				
९				

अनुगमन तथा मूल्याङ्कन सुचकाङक सम्झौता अनुसार तोक्न सक्ने।

कार्यक्रम समाप्तिपश्चात् लाभान्वित हुने क्षेत्र, वर्ग तथा समुदायको विवरणः

कार्यक्रमको लागत बेहोर्ने स्रोतहरूः

(ख) कार्ययोजना..................

– प्रस्तावित कार्यक्रम सम्पन्न हुने समयावधिः......................................

– कार्य सुचारु.......................................

– पुष्टयाई का आधारहरू..............................

नरबहादुर पुन
अध्यक्ष

अनुसूची-६

सूची दर्ता

उपभोक्ता, सामुदायिक र गैरसरकारी सङ्घ– संस्थाहरूलाई सूची दता सूचना आह्वान

आर्थिक वर्ष................. मा सानीभेरी गाउँपालिकाको क्षेत्रभित्र कार्य गर्न इच्छुक सङघ् , संस्था, सङ्गठन, क्लब, अध्ययन केन्द्र, मण्डल, परिषद् लगायत गैरनाफामूलक गैरसरकारी सङ्घ– संस्थाहरूलाई गाउँपालिकाको मौजुदा सूचीमा सूचीकृत हुन तपसिल बमोजिम कागजातहरू संलग्न राखी १५ दिनभित्र आवेदन सानीभेरी गाउँपालिका..................विभाग-महाशाखा- शाखामा पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। म्यादभित्र दर्ता हुन नआएका आवेदनहरूलाई सूचीमा समावेश गरिनेछैन। तपसिल

१. निवेदनको सक्कल प्रति

२. संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि नवीकरण सहित

३. प्यान दर्ता प्रमाणपत्रको प्रतिलिपि नवीकरण सहित

४. संस्थाको विधानको प्रतिलिपि

५. लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि

६. संस्थाको सञ्चालक समितिको बैठकको निर्णय प्रतिलिपि

७. वडाले कार्यक्रम उपयुक्त भनी गरेको सिफारिसको सक्कलै पत्र।

८. अघिल्लो वर्षमा (यदि लिएको भए) प्राप्त गरेको सहयोग रकम र सोबाट भएको उपलब्धि, खर्चको विवरण सम्बन्धित पदाधिकारीले प्रमाणित गरी पेस गर्नुपर्ने।

९. समाज कल्याण परिषदमा आबद्ध भएको प्रमाण पत्रको प्रतिलिपि।

१०. गत आ.व.मा गाउँपालिकामा मौजुदा सूचीमा सूचीकृत भएको भए सोको प्रतिलिपि।

११. सञ्चालन गरिने वार्षिक वा पटके कार्यक्रमको विवरण।

१२. संस्थाको गत वर्षको आयव्यय विवरण।

१३. संस्थाको सञ्चालक समिति सदस्यहरूको विवरण।

नरबहादुर पुन
अध्यक्ष

अनुसूची-७
मूल्याङ्कनका आधारहरू

क) पेषागत र प्राविधिक योग्यताः

क्र.सं.	अनुभव	मुल्याङ्कन अङ्कभार	कैफियत
१	विगत ३ वर्षको अवधिमा कार्यानुभव सहितको कागजात	२०	
२	विगत २ वर्षको अवधिमा कार्यानुभव सहितको कागजात	१२	
३	विगत १ वर्षको अवधिमा कार्यानुभव सहितको कागजात	८	

ख) विगतको कार्यसम्पादनः

वर्ष	अङ्कभार	कैफियत
बार्षिक २ अङ्कले	१०	

ग) माग गरेअनुसारको कागजसम्बन्धीः

विवरण	अङ्कभार	कैफियत
सम्पूर्ण कागतहरू पेस गरी पूर्ण रूपमा पेस भएको	१०	
सम्पूर्ण कागतहरू पेस गरी पूर्ण रूपमा पेस नभएको	०	

घ) स्रोत र अवस्थाः

विवरण	अङ्कभार	कैफियत
१-३ लाखसम्म बैक मौज्दात/कार्यपूजीँ	२०	
१-२ लाखसम्म बैक मौज्दात/कार्यपूजीँ	१६	
५० हजार-१ हजारसम्म बैक मौज्दात/कार्यपूजीँ	१२	
३० हजार-५० हजारसम्म बैक मौज्दात/कार्यपूजीँ	८	

ङ) कानुनी सक्षमताः

विवरण	अङ्कभार	कैफियत
कानुनी रूपमा आवश्यक सबै कागजात भएको रकुनै कानुनी सजाय नपाएको	१०	
कारबाही भएको- कालो सूचीमा भएको	०	

च) सेवाको उपलब्धताः

विवरण	अङ्कभार	कैफियत
आफैले गर्ने	१०	
सहकार्य, साझेदारीबाट गर्ने	८	
सङ्कलन गर्ने भए	६	

छ) सेवापछिको गुणस्तर

विवरण	अङ्कभार	कैफियत
दिन सक्ने	१०	
सेवा पछि गुणस्तर दिन सक्ने	६	

ज) आवश्यक थप सेवाको उपलब्धताः

विवरण	अङ्कभार	कैफियत
आवश्यक थप सेवाको उपलब्धता हुने	१०	
आवश्यक थप सेवाको उपलब्धता नहुने	६	

नरबहादुर पुन
अध्यक्ष

अनुसूची-८

गाउँपालिकाभित्र विभिन्न कार्यक्रम गर्ने सङ्घ-संस्थाहरूका लागि

सार्वजनिक सूचना

सानीभेरी गाउँपालिका क्षेत्र भित्र आर्थिक वर्ष २०७४/.../... मा आर्थिक, सामाजिक, सांस्कृतिक र जनचेतना क्षेत्रमा कार्य गर्ने गैरसरकारी सङ्घ– संस्थाबाट सामाजिक विकासका क्षेत्रमा गरिने लगानीमा दोहोरोपना हटाउन, आपसमा परिपूरक समन्वय कायम गर्न, सङ्घ– संस्थासँगको सयुक्त लगानीबाट गाउँवासीहरूमा अधिकतम लाभ हासिल गर्न र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५ अनुसार आयोजना, कार्यक्रम कार्यान्वयन र सञ्चालन गर्दा गाउँपालिकासँग समन्वय राखी गर्नुपर्ने व्यवस्था भएअनुसार सानीभेरी गाउँपालिकाको..................... .... शाखामा कार्यक्रमको उद्देश्य, लागत, कार्यक्रम स्थल, लक्षित समूह सहितको विवरण पेस गरी समन्वय गरेर मात्र आयोजना, कार्यक्रम कार्यान्वयन र सञ्चालन गर्न सम्बन्धित सबै गैरसरकारी सङ्घ– संस्थाहरूलाई सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

प्रमाणिकरण गर्नेः

दस्तखतः

नामः नर बहादुर पुन

पदः अध्यक्ष

आज्ञालेः

प्रमुख प्रशाशकीय अधिकृत

सानीभेरी गाउँपालिका

नरबहादुर पुन
अध्यक्ष